# नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
## ललितपुर

(नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन इकाई (सिएल-पिआईयु) ललितपुर, नेपाल)

# सूचना

### प्रथम पटक प्रकाशित मिति २०७४/०७/०६

नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, अन्तर्गत भूकम्पीय आवास पुनर्निर्माण आयोजना (EHRP) सञ्चालन भएका १७ जिल्लाहरुका लागि १७ जना र भूकम्प आपतकालीन सहायता आयोजना (EEAP) सञ्चालन भएका १८ जिल्लाहरुका लागि १८ जना गरी जम्मा ३५ जना इञ्जिनियरहरु कार्यक्रम सञ्चालन भएका जिल्लाहरुमा खटिई कामकाज गर्ने गरी सेवा करारमा लिनुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस केन्द्रीय आयोजना कार्यान्वयन इकाई, ज्वागल, ललितपुमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क) रिक्त पदको विवरण

| क्र.सं. | सूचना | पद | सेवा/समूह/उपसमूह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १. | ०१/०७४-७५ | इञ्जिनियर | इञ्जिनियरीङ/सिभिल/जनरल | ३५ |

ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरीङ्ग विषयमा स्नातक तह (Bachelor in Civil Engineering) वा सो सरह उत्तीर्ण।

ग) आवश्यक कागजात: (१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (२) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी (३) Nepal Engineering Council मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी (४) परीक्षा दस्तुर बुझाएको नगदी रसिद। साथै प्रमाण पत्रका प्रतिलिपीहरु स्वयंम प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ।

घ) उमेरको हद : उम्मेदवार दरखास्त बुझाउने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ३५ बर्ष नकाटेको तथा महिला उमेदवारको हकमा २१ बर्ष पुरा भई ४० बर्ष नकाटेको हुनु पर्ने छ।

ङ) कार्यक्षेत्र : छनौट भएका उम्मेदवारहरुले आयोजना लागू भएका जिल्लामा खटिई तोकिएको कार्य गर्नुपर्नेछ।

च) कार्यअवधि: हालका लागि सेवा करार अवधि चालू आर्थिक बर्ष २०७४/७५ (२०७५ असार मसान्त) सम्म हुनेछ। कार्य सम्पादनका आधारमा करार अवधि थप गर्न सकिने छ।

छ) उल्लेखित पदहरुको पाठ्यक्रम लोकसेवा आयोगबाट निर्धारित इञ्जिनियरीङ सेवा, सिभिल समूह, जनरल उप-समूहको प्रथम पत्रको पाठ्यक्रम अनुसार हुनेछ।

ज) उम्मेदवारको छनौट प्रकृया लिखित परीक्षा र अन्तरवार्ता दुवै हुनेछ।

झ) लिखित परीक्षा बस्तुगत बहुउत्तर प्रणाली अनुसार लिइनेछ।

ञ) दरखास्त फाराम यस आयोजनाको वेवसाइट www.mofald-clpiu.gov.np बाट download गरी उमेदवारले भरी यस आयोजनामा बुझाउनु पर्ने छ। रीत नपुऱ्याई आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

ट) दरखास्त दस्तुर बापत रू. १०००/- (एक हजार मात्र) यस कार्यालयमा नगद बुझाई सो को रसिद संलग्न गर्नु पर्ने छ।

ठ) परीक्षा सम्बन्धी कार्यक्रम: यस आयोजनाको सूचना पाटीका साथै वेवसाइट www.mofald-clpiu.gov.np मा प्रकाशित गरिनेछ।

ड) सेवा र सुविधाको सन्दर्भमा प्रचलित नेपाल सरकारको तलब स्केल र अन्य सेवा सुविधाका हकमा करार सम्झौतामा उल्लेख हुने शर्तहरु बमोजिम हुनेछ।

ढ) नतिजा प्रकाशन भए पछि उमेदवारहरुले तोकिएको समयावधि भित्र यस आयोजनामा आई सम्झौता गर्नु पर्नेछ। यदि सो समयावधि भित्र करार सम्झौता गर्न नआएमा योग्यता क्रममा रहेका अन्य उमेदवारसँग सम्झौता गरिने छ।

ण) थप जानकारीको लागि यस आयोजनामा वा आयोजनाको फोन नं. ०१-५२६००८२ मा सम्पर्क गर्न सकिने छ।

आयोजना निर्देशक

**आयोजना निर्देशक**